Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक २८ २०७६ माघ २६ गते आईतवार Sunday 9, FEB, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## डा.राउतको भाषणबाट प्रभावित भएर दर्जनौ यूवा जनमतमा प्रवेश

विराटनगर । जनमत पार्टीले विराटनगरको स्नाकोत्तर क्याम्पसको मैदानमा शनिवार गरिएको विशाल आमसभाका प्रमुख अतिथी जनमत पार्टीका केन्द्रिय अध्यक्ष डा. सिके राउतको भाषणवाट प्रभावित भई दर्जनौ यूवाहरु जनमत पार्टीमा प्रवेशगरेका छन् ।

विशाल आमसभाको समुद्घाटन वीर मधेशी शहिद राम मनोहर यादवलाई मार्ल्यापण र दीप प्रज्वलन गरी आमसभाको उद्घाटन गर्दै जनमत पार्टी कुनै चोर, फट्हा र भ्रष्टाचारीको पार्टी नभई साधुको पार्टी भएको वताउँदै मधेशी जनताले २००७ सालको प्रजातन्त्रको आन्दोलन विराटनगरकै जुटमिलवाट भएको र मेरो पनि खुट्टा विराटनगरकै क्याम्पको फिल्डमा प्रहरीको कठोर यातनाले भाचिएको त्यतीवेला पनि यहांका मधेशी नागरिक समाज र जनताको साथ पाएको वताए ।



जनमत पार्टीले गरेको विशाल आमसभाका सहभागीहरु ।

वहांले भने ७० साल देखि मधेशी जनताले नेपाली काँग्रेसलाई जिताएर सरकार वने धेरै जसो कोईरालाहरु विराटनगरवाटै प्रधानमन्त्री वने तर मधेशीलाई केही दिन सकेन वरु अधिकारवाट वञ्चित राखे, नेपाली काँग्रेस भन्दा एमाले पनि कम छैन २० वर्ष देखि शासन गरे पहाडवाट वसाई सराई गरेर मधेशमा मान्छे भरे, वर्मावाट मान्छेलाई ल्याएर मधेशमा बसाएर मधेशीलाई उठीबास गराएका छन् । त्यसैगरी मधेशीको नाममा राजनीति गर्ने राष्ट्रिय जनता दल र समाजवादी पार्टी

वांकी अन्तिम पेजमा...

## वैज्ञानिक सम्मेलन : समृद्धिको लागि एकिकृत जैविक स्रोत

विराटनगर । समृद्धिका लाग एकिकृत वैविक स्रो नाराका साथ विराटनगरमा भएको दुई दिने वैज्ञानिक सम्मेलन सम्पन्न भएको छ ।

सो दुई दिने राष्ट्रिय वैज्ञानिक सम्मेलनको प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईल उदुघटन गर्दै भने 'नेपाल सरकारले लिएको नारा समृद्ध नेपाल सुखी नेपालको सपनालाई सकार पार्नको लागि प्रदेश सरकार लागि परेको त्यसमा प्रदेश नं. १ मा भएको राष्ट्रिय वैज्ञानिक सम्मेलनले प्रदेश नं. १ को समृद्धिको लाीग एकिकृत जैविक स्रोत पनि कोशेढुंङ्गा सावित हुने वताउंनु भयो । नेपालमा पर्यटनको सम्भावन जतिकै जैविक बस्तुको खोजी गरी त्यसका विकास र प्रवर्द्धन गर्न, अनुसन्धानका लागि प्रदेश सरकार सहयोग र सहकार्य गर्न तयार रहेको वताए । सोही प्रविधी शिक्षालाई उच्च प्राथिमिकतामा राखी माध्यमिक शिक्षा प्रदेश नं. १ मा २९ वटा विद्यालयहरुमा विज्ञान प्रयोग शाला स्थापना गरिसकेको छ भने सूचना प्रविधी मेला, वनको संचेती करण, सुगन्धीत जडीवुटी केन्द्रको स्थापनाल लगायतको काम भईरहेको वताए ।

उक्त सम्मेलन करीब ३ सय जना विशिष्टका साथै यूवा वैज्ञानिक, अनुसन्धानकता र नीति निर्माताहरुको सहभागति रहेको सम्मेनमा समसामयिक विज्ञान प्रविधीका क्षेत्रहरु वन, वनस्पति, वन्यजन्तु, प्राणी, पारिसथतिक पद्धति लगायतका विषयमा अनुसन्धानलाई सहजीकरण गरी जलवायु परिवर्तन, वनस्पति, वातावरणीय समस्या पहिचन तथा जडिबुटी सम्वन्धी नीति सम्वाद भएका थिए ।

कठमाण्डौ बाहिर भएको सबभन्दा ठूलो बैज्ञानिक सम्मेलनमा नेपालका बैज्ञानिक मात्र नभएर भारत र वंगलादेशको वैज्ञानिकहरुका सहभागिता रहेको थियो । सो २ सय १५ वटा अनुसन्धानात्मक विवरणका कार्यपत्रहरु प्रस्तुत भएका थिए भने विविध विधाका चारवटा फरक फरक हलमा पोष्टर प्रर्दशनी हुनुका साथै २७ वटा वैज्ञानिक सत्र प्रस्तुत भएका थिए ।

वैज्ञानिक सम्मेलनमा एमएस्सी पास गरेका यूवा विद्यार्थीहरु सहभागी रहेका थिए । नेपालमा वैज्ञानिकको डिफिनेशन नभएको एक वैज्ञानिकले वताए । सो सम्मेलनमा त्रिभुवन विश्व विद्यालयका प्राध्यापक डा राम प्रसाद चौधरी र प्राध्यापक डा. प्रमोद कुमार झा नाष्टको प्राज्ञले कार्यपत्र प्रस्तुत गरेका थिए । नेपालको विकास निर्माण, समृद्धको अवस्था र अगामी दिनमा गर्ने कामको वारेमा वन वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओलीले जानकरी गराउँदै भने नेपालले कारवन व्यपारमा राम्रो

वांकी अन्तिम पेजमा...

## प्रदेश नं. १ का हिउँदै अधिवेशन नामाकरण विषय अगाडी बढ्ने

विराटनगर । प्रदेश नम्बर १ को प्रदेश सभाको पाँचौ हिउँदे अधिवेशन विहीबारदेखि सुरू भएको छ । सो अधिवेशनमा प्रदेश नं. १ को नामको विषय अगाडी वढ्ने भएको छ ।

प्रदेशको नामाकरण गर्ने संवैधानिक दायित्व प्रदेशसभामा रहेको बताउँदै मुख्यमन्त्री राईले सभामुखले नामाकरणको विषय अघि बढाउने र सरकारले आवश्यक समन्वय गरी नामाकरण गर्ने वताएका थिए

प्रदेश नं. १ सरकारले पहिलो छ महिनामा २२ दशमलव ८८ प्रतिशत पूँजीगत बजेट खर्च भएको र दोश्रो चौमासिकमा योजना कार्यान्वयनको गति तीब्र बनाउन निर्देशन दिएको मुख्य मन्त्रीको भनाई थियो ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका उपनेता हिमाल कार्कीले प्रदेश नामांकनमा छलफल अघि नबढेको संघीयतामाथि नै प्रश्न उठ्न थालेको टिप्पणी गरेका थिए । बैठकमा समाजवादी पार्टीका संसदीय दलका नेता जयराम यादवले सरकारलाई अहिलेसम्म सम्पन्न गरेको योजना र उपलब्धिहरुको विवरण सार्वजनिक गर्न सुझाव दिए । उनले सहमतिमा प्रदेशको नाम टुंग्याउनु पर्ने र जनभावनाको कदर गर्दै पहिचानमा आधारित नाम प्रस्ताव गर्न सुझाव दिए । संघीय लिम्बुवान राष्ट्रिय मञ्चका नेता बिष्णु तुम्बाहाम्फेले पहिचानमा आधारित नामाकरण राख्नुपर्ने आवज उठाएका थिए ।

## अनुदानमा व्यवसायीक खेती शुरु

विराटनगर । कृषिलाई प्रोत्सान गर्ने उदेश्यले विराटनगर महानगर पालिका कृषि शाखाले विराटनगरको विभिन्न वडामा व्यवसायीक कृषि खेती शुरु गरेको छ ।

महानगर पालिकाका कृषि शाखा अधिकृत खगेश्व तिम्सीनाका अनुसार साना किसान कृषि सहकारी विराटनगर वडा नं. १९ लाई व्यवसायिक च्याउ खेतीको लागि १ लाख अनुदान दिएको छ । त्यसै गरी विराटनगर वडा नं. ६ मा रहेको प्रगतीशील महिला कृषक समुहलाई समेत व्यवसायीक कृषि खेतीको लागि अनुदान प्रदान गरिएको ।

त्यसैगरी कृषक एकिकृत सत्रुजी व्यवस्थापन कृषक पाठशाला अन्तर्गत विराटनगर वडा नं. १९ मा १० कट्ठा खेतीमा तोरी लगाएका छन् जसम २५ जनाको कृषक समूह रहेको छ । त्यसमा

वांकी अन्तिम पेजमा...

## मैत्रिपुर्ण क्रिकेटमा नोविल विजय

बिराटनगर । बिराटनगरमा सञ्चालित मैत्रीपूर्ण सुपर सिक्स क्रिकेट प्रतियोगितामा नोबेल मेडिकल कलेजको टिम बिजयी भएको छ । फाइनलमा मोरङ व्यापार संघलाई ९ विकेटले पराजित गर्दै नोबेलले उपाधि चुमेको छ ।

६ टिम सहभागि खेलमा समुह बिजेता बन्दै व्यापार संघ र नोबेल फाइनल पुगेका थिए । फाइनलमा व्यापार संघले नोबेललाई ६२ रनको लक्ष दियो । चौका र छक्काको बर्षात गरेको नोबेलले ३ ओभर २ बलमा लक्ष्य पुरा गर्दै बिजयी बनेको थियो ।

खेलमा पाँच विकेट र २० रन बनाएका व्यापार संघका गौरब सेठिया सर्वोत्कृष्ट खेलाडी घोषित भएका थिए । बिजयी टिम र खेलाडीहरुलाई उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरे, प्रतियोगिताका संयोजक सुवोध कोइराला लगायतले ट्रफी र मेडल प्रदान गरेका छन् ।

प्रतियोगितामा नोबेल र मोरङ

वांकी अन्तिम पेजमा...




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## डा.राउतको...

मधेशीसंगभोट लिएर मधेशी जनतालाई काठमाण्डौमा बेचि रहेको र अहिले सम्म सत्तामा पुग्न मधेशीलाई हथियार बनाएको वताए।

नेपालमा राजनीति गरि रहेका नेपाली कााँग्रेस, नेपाल कम्यूनिष्ट पार्टी र मधेशी दललाई समय सिधिएको औषधी संज्ञा दिदै भने तपाई मोटर साईकल, मोवाईल, गाडी किन्न जाँदा लेटेष्ट भर्सनको माग्नु हुन्छ तर पार्टी पुरानैलाई प्रथमिकता दिनु हुन्छ त्यो गलत हो ती पार्टीहरुको पाग्राहरु खिएर विखरी सकेकोले त्यस्तोवाट न्याय, समानता र पहिचानको समस्या समाधन हुनेवाला छैन त्यसको एउटै विकल्प हो जनमत पार्टी जनमत दिनुस आफ्नो-आफ्नो अधिकार लानुस भन्दै पार्टीमा प्रवेश गर्नेहरुलाई अविर टिका लगाई सम्मन गरेका थिए।

सोही पार्टीका केन्द्रिय सदस्य एवम पार्टीको प्रवक्ता अब्दुल खानले नेपाली काँग्रेस, एमाले, राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीहरु भ्रष्टाचारी, गुण्डा, दलाल, देशको जंगल, जमीन र पानी वेच्नेको संज्ञा दिदै ती पार्टीवाट मधेशमा बसोवास गरेको मधेशको अधिकार दिन्छ भन्ने कल्पना पनि गर्न सकिन्न किन कि मधेशकै भूमिवाट पेट पाल्छन्। मधेशमै उठेको करले गोली किन्छन् अनि त्यही गोली मधेशी, भारतीय, माखे भन्दो ताकी ताकी गोली हान्ने गरेका पार्टीवाट देश र जनताको समस्या समाधान नहुँन भन्दै विकल्पको रुपमा जनमत पार्टी आएको वताउदै जनमत पार्टीमा लाग्न आग्रह गरेका थिए।

खानले भने मधेशका मसिहा भनिएका उपेन्द्र यादवलाई भगौडा नेताको संज्ञा दिदै मोरंगवाट सुनसरी, सुनसरीवाट सप्तरी अहिले आएर अर्कै ठाउं खोज्दैछ तर मधेशमा ठाउं भेटिरहेको छैन भन्द राजपालाई छकाको संज्ञा दिए। त्यसैगरी उपेन्द्र यादवलाई मधेशको कंशको संज्ञा दिदै कंशलाई मार्न कृष्णको अवतारको रुपमा राउत आएको भन्दै जनमत पार्टीलाई जनमत दिन आग्रह गरेका थिए।

सो आमसभा केन्द्रय सदस्य परमेश्वर मुर्मको अध्यक्षतामा सम्पन्नन् भएको थियो।

## वैज्ञानिक सम्मेलन...

आन्दानी गरि रहेको वताए।

यो सम्मेलनले नेपालको समृद्धिसंग जैविक विविधताको स्थितिलाई कसरी विकास संग जोड्न सकिन्छ, राज्यले अनुसन्धानमा लगानी वढाउनु पर्ने, नेपालमा यूवा वैज्ञानिकहरु जुरमुराएका छन् तिनीहरुलाई कसरी समृद्धि संग जोड्न सकिन्छ भन्ने विषयमा गहन छलफल भएको थियो।

सो सम्मेलन संघिय सरकार वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार उद्योग, वन तथा पर्यटन मन्त्रालय, नेपाल वनस्पति समाज र नेपाल जैविक समाजको आयोजना भएको थियो। सो सम्मेलनको अध्यक्षता उद्योग पर्यटन वन तथा वातावरण मन्त्री जगदिश प्रसाद कुसियेतल गरेका थिए।

## अनुदान...

पनि महानगर पालिकाले १ लाल रुपियां अनुदान दिएको छ। विराटनगर महानगर पालिकाको वडा नं. १८ मा मकैवालीको लागि र महिला कृषक समूह गोलभेला खेतीको लागि पनि अनुदान दिएको छ।

ती कृषक समुहहरुलाई १६ हप्ता सम्म नगरपालिका बालि विशेषज्ञहरुवाट हप्ताको शुक्रवार र शनिवार अनुगमन र प्रशिक्षणको व्यवस्था समेत मिलाएका विराटनगर महानगर पालिका कृषि शाखाका शाखा अधिकृत प्रेमनाथ महतोले जानकारी गराए।

## मैत्रिपुर्ण...

व्यापार संघसहित उद्योग संगठन मोरङ, पत्रकार महासंघ, संयुक्त ट्रेड युनियन र बिराट व्यापार संघवीच खेल भएको थियो।

नोबेल मेडिकल कलेजको मुख्य प्रायोजनमा फागुन २ देखि १० गतेसम्म हुँन लागेको बिराट एक्स्पोको प्रचारका लागि मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता गरिएको आयोजक उद्योग संगठन मोरङले जनाएको छ।




सुचना सुचना सुचना

१३

सबै नेपालीको चाहना:लागूऔषध उत्पादन, अवैध ओसार पसार र सेवन रहित समाजको कामना।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## नोवेल मेडिकल कलेज र विद्यार्थी विच सहमती



विराटनगर। नोबेल मेडिकल कलेज र बिद्यार्थीका अभिभावक वीच शिक्षण शुल्कको बिषयमा सहमति जुटेको छ। नयाँ शैक्षिक सत्रमा एमवीवीएस र वीडीएसमा भर्ना हुँन आएका बिद्यार्थीका अभिभावक र कलेज प्रशासनवीच बुधबार भएको छलफलमा सहमति जुटेपछि शुल्क विवाद समाधान भएको छ।

नयाँ शैक्षिक सत्रमा एम वीवी एस र वीडीएसमा कलेजले शिक्षण शुल्क बढी माग गरेको भन्दै शुल्क घटाउँनुपर्ने मागसहित बिद्यार्थीका अभिभावकहरुले असहमति जनाएका थिए। त्यसपश्चात कलेजसँग भएको छलफलमा दुवै पक्षवीच सहमति जुटेको बिद्यार्थीका अभिभावकहरुले जनाएका छन्। सहमतिसँगै बिहिबारबाट पठनपाठन सुरु हुँने भएको छ।

त्यसैगरी नोबेल शिक्षण अस्पतालले पाँचथरको फिदिममा दुई दिने नि:शुल्क स्वास्थ्य शिबिर सञ्चालन गरेको छ। शिबिरमा १ हजार ४ सय २८ जना बिरामीको नि:शुल्क उपचार गरिएको नोबेल अस्पतालले जनाएको छ।

शिबिरमा ४ सय १३ जना बिरामीको भिडियो एक्सरे, १ सय ५४ जनाको ईसीजी र १ सय ९५ जनाको ल्याव टेष्ट गरिएको नोबेल अस्पतालका प्रबन्धक नारायण दाहालले जानकारी दिए। उनका अनुसार ७४ जनाको आँखाको सामान्य शल्यक्रिया र २२ जनाको शरिरका गाँठागुँठीको शल्यक्रिया गरिएको छ।

केहि दिनअघि पाँचथरको मौवा बजारमा सञ्चालित दुई दिने नि:शुल्क स्वास्थ्य शिबिरबाट १ हजार ३ सय ९८ बिरामी लाभान्वित भएका थिए। ग्रामीण क्षेत्रका गरिब, विपन्न तथा असहाय बिरामीलाई लक्षित गरी नोबेलले पूर्वी नेपालका विभिन्न स्थानमा बर्षौदेखि नियमित नि:शुल्क स्वास्थ्य शिबिर सञ्चालन गर्दै आएको छ।

## विराट राजवंशीको १३ औं भेला फागुन ६ गते विराटनगरमा

राजेश कुमार राजवंशी

विराटनर। विराट राजवंशी समाज उत्थान केन्द्रिय समितिको बैठकले विगत वर्ष झै यस वर्ष पनि फाल्गुण महिनाको ६ गते हुने १३ औं बृहत भेलालाई भव्य र सभ्य तरीकाले सम्पन्न गर्ने भएको छ।

उक्त भेलालाई सम्पन्न गर्नका लागि समितिको वैठकले विभिन्न समिति र उपसमितिहरु वनाई जिम्मेवारी वाडफाड गरेका छन्। मुल समितिको संयोजकमा कुशेस्वर राजवंशी राजवंशीलाई जिम्मेवारी दिएको छ भने अन्य समितिहरुमा आर्थिक समिति संयोजक सत्यनारायण राजवंशी, सञ्चार संयोजक राजेश कुमार राजवंशी ,स्वयंसेवक संयोजक सेवक राजवंशी, मञ्च ब्यबस्थापन संयोजक लक्ष्मीकान्त बिश्वास र ाजवंशी, स्वागत सम्मान संयोजक योगिता कुमारी राजवंशी, सस्कृतिक तथा झाकी ब्यवस्थापन संयोजक शिव कुमारी राजवंशी रहेका छन।

बृहत भेलामा जातीय रितिरिवाज झल्कने झाकिहरु पहिचानलाई जोगाउन जातीय पोशाक लगायतको प्रदर्शन समेत गर्ने गरेका छन। सोहीलाई निर न्तरता दिदै १३औ बृहत भेला मा समाजका अगुवाहरु शिक्षक ,कर्मचारी ,बुद्धिजीवी ,पत्रकार ,किसान ,विद्यार्थी ,युवा युवती लगायत सम्पुर्ण जनसमुदाय लाई भेलामा सहभागी हुन आव्हान समेत गरेको छ। विराट राजवंशी समाज उत्थान केन्द्रिय समितिको अध्यक्ष भुवनेस्वर मन्डल राजवंशीको अध्यक्षतामा बैठक सम्पन्न भएको छ।




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# अख्तियारलाई अझ मजबुत बनाऔं

अख्तियार दरुपयोग आयोगले ६ महिना लगाएर ललिता निवासको सरकारी जग्गा विक्रीवितरणमा सरकारका उच्च पदस्थ व्यक्ति, उच्च पदस्थ कर्मचारी, उच्च ओहदाका न्यायधिश, सरकार चलनाएका प्रधानमन्त्री, राजनीतिक पार्टीका अध्यक्ष लगायतले जुन १ सय ७५ जना माथि विगो माग दावी सहित दर्ता गराएका अभियोगपत्रवाट नेपाली जनताको फेरीपनि अख्तियार प्रति विश्वास र भरोसा जागेको छ। अख्तियार प्रति आमजनताले के प्रश्नहरु उठाएका छन् जस्तै कि कसैले जग्गा फिर्ता गर्दैमा निर्दोष सावित हुँदै तर अखितियारले भनेको छ जग्गा फिर्ता गर्नेहरुमा मुद्दा दायर नगरिएको हो भनाई नै गलत हो भ्रष्टाचार गरेको हो भ्रष्टाचार गरेको रकम वा जग्गा फिर्ता गरेर भ्रष्टाचारीलाई उन्मुक्ति दिनु हुँदैन । अख्यिार दुरुपयाग आयोगलाई अझ वलियो वनाउनु पर्छ जसले गर्दा अख्यिारलाई राजनीतिवाट पर राख्नु पर्छ । अख्तियारमा दुरुपयोगप आयोगमा काम गर्ने व्यक्तिहरु पनि राजनितिक प्रभाववाट माथि उठ्नु पर्छ र नेपाल लाई भ्रष्टाचार मुक्त राष्ट्र वनाउनु पर्छ ।

ललिता निवास प्रकरण भन्दा पनि नेपालमा ठूला-ठूला भ्रष्टाचार भएका छन् ती माथि निश्पिक्ष छानविन गर्न दिनु पर्छ । तर अख्तियार कसैमाथि पुर्वागृह हुँनु हुँदैन । नेपालमा भ्रष्टाचारको जरा स्थानीय तह देखि संघय तह सम्म फलिएका छ । त्यतीमा हैन यहा त नेता देखि कर्मचारी सम्म व्यक्तिगत फाईदाको लागि भ्रष्टाचार र कमीसनमा मात्र काम गरि रहका छन् । जागिर लाउन, सडक वनाउन, सीप मुलक काम गर्न लगायत हरेक ठाउंमा विना कमिसनको कामै हुँदैन । त्यस्ता समस्यावाट वच्च एउटा मात्र उपाय छ देशमा अख्तियार बलियो हुनु पर्छ । नेपाली जनताले पनि अख्तियार दुरुपयोग आयोगको राम्रो कामको प्रोत्सान गर्नु पर्छ भने गलत गरेमा खवर दारी पनि गर्नु पर्छ ।

भ्रष्टाचारमा मुच्छिएका नेपाली कांग्रेसका प्रभावशाली नेता गच्छदार तर महा भ्रष्टाचारीहरुका चेला मात्र हुन । चेलालाई समतेर गुरु सम्म पुग्न आट गर्नु पर्छ । यदि अख्तियारले ग्रुरुकै आदेशमा चेलालाई समातेर गुरुलाई छोड्ने चाल हो भने देशमा भ्रष्टाचार घट्नुका सट्टा वृद्धि नै हुन्छ । भ्रष्टाचारको नाइके अख्तियारलाई नै भन्न थाल्दछन् । त्यसैले अख्तियार भ्रष्टाचारीको विरुद्धमा कठोर भएर लाग्न जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# सामान्य परिवारको लागि ब्याज सुनजस्तै

**डा.श्रीभगवान ठाकुर**

पृष्ठभूमि: प्याजको अकाशिदो भाउ ई.सं. १९९७ मा रू. १०० र हाल २०१९मा रू २५० प्रति किलो सुनेर जीउ काम्न थाल्छ। प्याज समान्य परिवारको लागि सुन समान नै भईसकेको कुरा सामाजिक संजालमा धेरै नै सुनिसकेका छौं। नेपालमा बालीको पाकेट पैकेजको अवधारणामा कृषि मन्त्रालय मार्फत १५५ मिलियन रूपैयाको प्याजको मिशन पनि राम्रो उपलब्धिका साथ सम्पन्न पनि भई सकेको छ। तर देश प्याजको लागि अति नै बढी माँग रहेको र उत्पादनले पूर्ति गर्न सकेको अवस्था छैन। नेपालमा आफनै उत्पादनले ८० प्रतिशत प्याज भारत लगायत अन्य बाहिरी देशबाट आयात गर्नु पर्ने अवस्था छ। नेपालमा तराई मधेका १० जिल्लाहरूमा: सिरहा, सप्तरी, सर्लाही, बारा, रूपन्देही, धनुषा, दाङ्ग, पर्सा, बाँके र बर्दियामा विषेशगरी प्याजको खेती गरिन्छ। गतवर्षको तथ्याँकअनुसार प्याज २० हजार हेक्टरमा खेती गरी २३९ हजार टन उत्पादन भएको थियो। सोही वर्ष स्थानीय बजारको माग पूर्ति गर्न ३१० हजार टन लगभग रू. ३० अर्वबरावरको बाहिरबाट आयात गरिएको थियो। तर नेपालको भौगोलिक विविधता, वितिय व्यवस्थापन, र प्रविधिको तारतम्यता मिलाएर प्याजको खेती, भंडारण तथा विक्रीवितरणको साथै उपभोगको समुचित व्यवस्थापन गरेमा प्याजबाट कृषकहरूले अत्यधिक आम्दानी लिनुका साथै समृद्धि हासिलमा टेवा पुग्न सक्छ।

प्याज हाम्रो समाजमा पाईने गानो समुहका तरकारीहरू मध्ये एउटा प्रख्यात तरकारी एवं स्वादिष्ट बास्नादार मसला बाली हो। यसमा थोरै फ्याट, प्रोटिन, कार्बोहाइड्रेड, फाइबर, कैरोटिन, भिटामिन बी.(बी ९) र सी., पोटासियम, म्याग्नेशियम, क्याल्सीयम, फस्फोरस प्रसस्त मात्रामा पाईन्छ। यसको प्रयोग औषधिको रूपमा शरीर विष निकाल्न, यूरिकएसिड घटाउन, माँसपेशीको समस्या कम गर्न, शारीरिक विकास, पाचन शक्ति बढाउन, पेट दुखाईमा, अनिद्रा घटाउन, श्वास फेर्न गाह्रो भएमा, बाथ रोग लागेमा, लु, हैजा, कमलपित्त, मुर्छा, मलेरिया, आगोले पोलेमा, बारूला माहुरी कीराले टोकेमा, चिसो वा रूघाखोकी लागेमा गरिन्छ। यसमा पाईने पिरोपन एलाईल प्रोपाईल डायसल्फाईड भन्ने उडनशील तेलको कारणले हो, जुन प्रजाती, उत्पादन हुने समय र भण्डारणको अवधिमा भर पर्दछ, जसले आँखाको आसु निकाली विभिन्न संक्रमणबाट बचाउँछ। यसको बाहिरी बोक्राको रंग क्यूरसेटिन भन्ने तत्वले बनेको हुन्छ। यसको हरियो पात तरकारीको रूपमा, गानो सलाद, पकौडा, प्याजी, अचार, चटनी, रोटीपराठा, ढोसाको रूपमा तथा अरू तरकारीसंग मिसाएर तरकारीको रूपमा एवं अनेक प्रकारका व्यञ्जन समोसा, म:म:, चाउचाउ, चाउमिन, मासु आदिमा मसलाको रूपमा पनि सर्वत्र प्रयोग गरिन्छ।

नेपालमा उपभोक्ताको माग आपूर्ति न हुनुमा प्रमुख समस्या क्षेत्रफल तथा उत्पादन न्यून हुनु हो। यसको खेती प्राय: जसो हिउँदमा गरिन्छ र उत्पादन चैत्र, बैशाखमा हुन्छ। यस प्रकारले उत्पादीत प्याजको भंडारण गर्ने समुचित व्यवस्था नभएको र घरेलु तरीकाले लामो समयसम्म राख्न नसकी साउन, भाद्र सम्म खपत हुन्छ। साथै हाम्रो देशमा सब भन्दा बढी प्याजको खपत फागु, दशै, तिहार र छठ जस्तो चाँड पर्वका साथै विहेबारीको बेला पनि माग बढी हुने भएकोले सो समयमा स्थानीय रूपमा उत्पादीत प्याज उपलब्ध नहुने र महङ्गो मूल्य तिरी भारतबाट प्याज आयात गर्नु पर्ने बाध्यता छ, फलस्वरूप ठुलो रकम विदेशमा जाने गरेको छ। यसवर्ष भारत लगायत चीन, अफगानिस्तान, पाकिस्तानबाट पनि आयात गर्नु परेको छ।

प्याजको खेतीको लागि तराई मधेश तथा मध्यपहाडका तल्लो भेक उपयुक्त माटो र हावापानी भएको भूगोल हो। तराईमधेशमा प्याजको क्षेत्रफल धेरै भए पनि उत्पादकत्व अरू देशको तुलनामा धेरै नै न्यून रहेको छ। तराईमधेशमा कृषकहरूले उन्नत जात प्रयोग नगर्नु, उन्नत खेती प्रविधि (समय, नर्सरी, सिंचाई, गोडमेल, रोगकीरा, चिसो असिना व्यवस्थापन) न अपनाउनु, उचित भण्डारण, समुचित बजारीकरण, प्रशोधन व्यवस्था नहुनुका कारणले नेपालको उत्पादन न्यून रहेको छ। जसले गर्दा वर्षै पिच्छे हाम्रो देशमा धेरै मंहगो प्याजको मारमा परेको छ। ती व्यवधानहरूलाई मध्ये उपयुक्त प्रविधि र जातको छनोट गरी सही समयमा खेती गर्न सके आफ्नै उत्पादनले सालै भरि प्याजको माग आपूर्तिका साथै देश वाहिरबाट पनि विदेशी मुद्रा आर्जन गर्न सक्ने अपार सम्भावना रहेको छ।

प्याज सालै भरि उत्पादन गर्न सकिने बाली भएकोले प्याज वर्षैभरि आपूर्ति हुने प्रविधि स्थानान्तर गरी बाली सघनता बढाउनु बाहेक अरू उपाय हुन सक्दैन। प्याज २०-२५ डिग्री सेन्टीग्रेड तापक्रममा उम्रन सक्ने, मध्यम तापक्रम र छोटो प्रकाश अवधिमा विरूवाको वृद्धिविकास र उच्च तापक्रम र लामो प्रकाश अवधिमा गानोको विकास राम्रोसंग हुन सकिने तथा ज्यादै अम्लियपन तथा क्षारियपनबाहेक, मोथेझार नभएको दोमट वा बलौटे दोमटमाटोमा हुन सक्छ।

प्याजको सघनता बढाउन मुख्य गरी दुई तरीका (१) बीउबाट बेर्ना बनाई रोपने, (२) बीउबाट सिधै सेट (सानो गानो) बनाई रोपने विधिबाट गर्न सकिन्छ।

(१) बीउबाट बेर्ना बनाई रोपने विधिमा (क) हिउँदे र (ख) वर्षे गरी दुई सीजन गरी बाली सघनता बढाउन सकिन्छ।

(२) बीउबाट सिधै सेट (सानो गानो) बनाई रोपने विधिमा वर्षा याममा रोपेर प्याजको खेतीको क्षेत्रफल बढाउन सकिन्छ।

बीउबाट बेर्ना रोपने:

हिउँदमा तराई मधेश र मध्यपहाडमा असोज-कार्तिकमा ठुलो क्षेत्रफलमा लगाई बेर्ना मंशीर-पौसमा रोपेर चैत्र-बैसाखमा प्याजको गानो उत्पादन लिन सकिन्छ।

बर्षामा तराई मधेश र मध्यपहाडमा कम झारपात हुने, पानी नजम्ने क्षेत्रमा जेष्ठ-अषाढमा बीउ रोपी अग्लो व्याडमा प्लाष्टिकको गुमोज (टनेल) बनाई साउन भदौमा बेर्ना रोपी कार्तिक मंशीरमा प्याजको पातसहितको गानो अत्यधिक उत्पादन गर्न सकिन्छ। पहाडमा बैसाख जेष्ठमा बीउ लगाई साउन भदौमा बेर्ना सारी पात सहितको गानो प्याज मंशीर पौसमा उत्पादन गर्न सकिन्छ।

बीउबाट सिधै सेट (सानो गानो) बनाई रोपने:

तराईमधेशमा र मध्यपहाडमा असोज कार्तिकमा पातलो गरी सिधै बीउ छरेर फागुन चैत्रमा १० ग्रामको सानो गानो (सेट) उत्पादनगरी राख्ने, अनि साउन भदौमा ड्यांग बनाई गानो (सेट) रोपी कार्तिक मंशीरमा पात सहितको गानो प्याज उत्पादन लिन सकिन्छ।

नेपालमा पाईने प्याजका प्रचलित जात तथा यसका गुणहरू:-

१.एग्री फाउण्ड डार्क रेड : यो बेमौसममा खेती गर्न सकिने जात हो। सेट बाट गानो तथा हरियो साग उत्पादन गर्नको लागी यो जातले प्रशिद्ध नाम कमाएको छ। बिषेश गरी नेपालीहरूको चाड पर्व ( भाद्र महिना देखि कार्तिक सम्म ) प्याज धेरै महङ्गो हुने गर्दछ। त्यसैले आषाढ श्रावण तिर यस्को सेट रोपेर गानो उत्पादन गर्दा बढी मुल्यमा बिक्री गर्न सकिन्छ।

२. एग्री फाउण्ड लाईट रेड : यो पनि डार्क रेड जस्तै बेमौसममा लगाउन सकिने जात हो।

३.रेड क्रीयोल : यो छोटो अबधिमा तयार हुने जात हो। गानो गाढा रातो र पात गाढा हरियो हुन्छ। यो जातको बाली तयार हुन (गानो खन्नको लागी) १६०-१८० दिन लाग्दछ। उत्पादन २०-२४ टनसम्म प्रति हे. हुन सक्दछ। यस्को भण्डारण गुण पनि राम्रो छ।

४. एन ५३ : यो रेड क्रीयोल भन्दा पनि छोटो अबधिमा तयार हुने जात हो। यस्को गानो हल्का रातो र पात हल्का हरियो हुन्छ। यो करिव १२० दिनमै तयार हुन्छ। यस्को उत्पादन करिब २० टनसम्म प्रति हे. सम्म हुन सक्दछ। यो जातको प्याज भण्डारणको लागी उपयूक्त हुदैन।

५.पुसा रेड : यो छोटो दिनमा हुने गानो रातो कम पिरो, उत्पादन १५-२० टनसम्म प्रति हे. हुन्छ र भण्डार गर्न उपयुक्त हुदैन।

६.नासिक रेड : यो छोटो दिनमा हुने, गानो रातो, अलि अलि पीरो र उत्पादन २०-२४ टनसम्म प्रति हे.सम्म हुन सक्दछ।

७. काठमाण्डौ स्थानिय : यो छोटो दिनमा हुने, गानो खैरो रङ्गको र पीरो हुने जात हो। यस्को उत्पादन २०-२५ टनसम्म प्रति हे.हुन सक्दछ।

८. बेमौशमी १: यो सानो अवधिमा तयारहुने, बेमौशममा बर्षे प्याजको रूपमा हुने, ठुलो आकारको गानो फल्ने, ४६ टनसम्म प्रति हे. हरियो गानो उत्पादन हुन सक्छ।

अत: राष्ट्रको प्याज उत्पादन, खाद्य तथा पोषणको समस्या, आयात, गरीवि तथा युवा पलायनको अवस्थालाई मध्य नजर राखी कृषकहरूको आम्दानी बढाउन, आयात प्रतिस्थापन र समृद्धिको नारालाई साकार पार्ने उद्देश्यले स्थानीय सरकारले ठाउँ र मौशम सुहाउँदो हिसाबले बढीभन्दा बढी आफ्नो नीति तथा कार्यक्रमबनाई बजेट विनियोजनगरी सालैभरि प्याजको उत्पादन गर्ने, बर्षा असिना र अन्य जोखीमबाट बचन बीमाको व्यवस्थाका साथै यसका समुचित भंडारण र बजारीकरणमा जोड दिन अनुरोध गरिन्छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# पिछडावर्गमे परैवाला बढई जायतके परिचय



श्याम सुन्दर सुतिहार

लकडी के काम करैवाला लोग सबके वढई कहल जाय है। परापूर्व कालसे समाजके प्रमुख अंगके रुपमे रहैवाला जात है। घरमे लकडीके जते समान बढई जायतके द्धारा ही बनावल जाय हैं। जेना कि हर, जुवा, ढेकी, धिर्नी, वैलगाडी, घरके खिडकी, केवाडी, चौखट, मचिया, कुर्सी, चारपाई, आलमारी, पलङ्ग, चौकी, वेन्च, कोदायके वेठ, कचियाके वेठ, और फलामके हाथहतियार बनवैवाला सेहो जायतके बढई अन्तर्गत बड है। वहीना बढई जायतके लोग सव लकडीके कलात्मक मुर्ति, कलात्मक केवाडी, लगायत लकडीके कलात्मक बस्तु सम्मिलित है।

नेपाल मे यी जायतके बसोवास तराई मधेश के सव जिल्लामे है। यी जायत काम करैवाला हुवैके कारण एकर घना बस्ती नय है। घरपरिवारमे काम सिखलक और काम के खोजी मे जते गेल ओते अपन घर वनाके लकडीके व्यपार व्यवसाय कर है। बढई जायत अपन पडोसी देश भारतके सभे राज्यमे बसोवास कर हैय।

नेपालमे बसोवास करैवाला बढई जाति सवके लोग विभिन्न किसिमके उपनाम सव लिखावय है जय सन की बढई, बड्ही, मिस्त्री, कमार, शर्मा, सुतिहार, ठाकुर लगायत लिख है। यी जायतके लोग सवके जन्मजाति इन्जिनियर सेहो कह हैय। यी जायतके वंशज विश्वकर्माके मान हैय। विश्वकर्माके सव लोग भगवान मान हैय।

बडिया बस्तु बनावैके कारण स्थानिय भाषामे बढिया से बढई आर बड्ही मे परिवर्तन भेल है। शव्दकोषके अनुसार बड्ही कथौ नय मिलय है। शब्दकोषमे बढई अर्थात कारपेन्टरके उल्था करल गेल हैय। वहिना यी जायत दोसरके काम करैवाला हुवैके कारण काम से एखैन स्थानीय भाषामे कमार सेहो कहल जाय हैय।

बढई जायतके वर्णव्यवस्था प्राचीन काल से चल हल हैंय। कामके अनुसार जायतके उत्पत्ति भेल हैय। लोहाके काम करैवाला लोहर आर लकडीके काम करैवाला बढई कहल गेल है। लोहार आर बढई एक दोसरके पुरक है। विना लकडीके कोना लोहाके हथियार नबनय हैय वहिना लकडीके कलात्मक बस्तु बनावैके लेल लोहाके हथियार चाहि। जेनाकी कचिया लोहाके है लेकिन कचियाके वेठ लकडी बन है। इसलिए बढई आर लोहार एक दोसरके जीवीका उपार्जनके लेल सहयोगी हैय। आर दोनोके भागवान एक है बाबा विश्वकर्मा।

प्राचीन व्यवस्था के अनुसार बढई जीवन निर्वाह के लेल वरिस भरी काम करलाके वाद एक वेर मात्र पारिश्रमिक लिएकै चलन रहलाके कारण यी जायतके लोक सव दिन दिने गरीबीके चपेटामे पडे लागल। लेकिन एखैनका



अवस्थामा बढई जायतके व्यवसायी नगदी भ गेल है। समान वेचक नगद पैसा लिऐकै कारण यी समाजके लोक सव धनी आर पढलिखके दोसर पेशा सेहो करे लगल है। यी जायतके काम करैवाला परिवार, घरानासे आजन्म सम्वन्ध रखल जाय है। यी जायतके काम और दोसर जायत नकर सकै है।

बढई आर लोहार जायतके लोग सव बाबा विश्वकर्माके पूजा कर है। पूजाक अवसर मे अपन सव काम करैवाला हथियार, औजार, मशीन साफ कैरके राख है। एगो काहवत है 'ब्रह्मा श्रृष्टीके रचना करलक आर विश्वकर्मा शिल्पके' प्राचीन कालमे उडैवाला खटोला, पुष्पक विमान, उडैवाला घोडा, कलात्क युद्ध करैवाला रथ बनावैके सेहो विवरण मिल है। जकरासे पत्ता चलत है कि बढई आर लोहार जातिके लोग कलात्म बस्तु निर्माणमे निपुण रहै।

बर्तमान समय मे बढई गीरी के शिक्षा से हो आधुनिक ढंग से दे रहल है। हात से वनवैवाल बहुतो समाज आजकल आधुनिक मेशिन से करल जा रहल है। जेकरासे यी जायतके पेशा संकटमे पडल जाय है। आर यी कलात्मक काममे दोसर जायतके सेहो हावी भ रहल हैय।

नेपालमे बढई जायतके संगठीत आर उत्थान करैके लेल नेपाल बढई कल्याण समाज, विश्वकर्मा समाज, नेपाल बड्ही समाज, शर्मा समाज लगायतके संगठन खोईलके काम करहल है।

## मगही भाषा

### मगही भाषा के कविता

#### माया बजारमे भेटैछै

हटघरदम लोगके देख

मोइल कानमे सटल रहैछै।

आजकालके माया जेना,

बजारमे भेटैछै-२

मयाके भाउ १००/५० नाइ

नोट १००० मे भेटैछै।

आजकाल लभ खोजला स,

विच बजारमे भेटैछै-२

एगोके पैसा चुइस दोसर संग

बजारमे मुस्काइत घुमैछै।

आब, साचा माया करवला जोडि,

गुगल फेसबुकसे मिलैछै-२

आयकाइलके महगईके चलते

लोग २२० सिसि पलसरमे मरैछै।

आवत माया किनलासे,

माया बजारम भेटैछै-२

**फुलगेन महतो**

# कुशवाह जायतके संस्कृति आर संस्कार संरक्षण आवश्यक

विराटनगर। नेपालके तराई मधेश क्षेत्रमे जमिनसे जुडल अपनेके भूमिपत्र कहेवाला कुशवाह जायतके उत्थानके ले संस्कार आर संस्कृति संरक्षण अपरिहार्य रहैके वात एक अन्तर क्रियामे उपस्थित भेल समाज के प्रवुद्ध लोक सब अपन-अपन विचार रखलक।

उ वात नेपाल कुशवाह कल्याण समाज केन्द्रिय कार्यसमिति काठमाण्डौ, साहित्य तथा प्रकाशन समिति (विभाग) के आयोजनामे कुशवाह जायतके संस्कार आर संस्कृति विषयमे माघ २३ गते विराटनरमे भेल अन्तर क्रियामे राखल गेल है।

प्राध्यापक डा. प्रेम खतरीके प्रमुख आतिथ्यमे भेल अन्तरक्रिया 'कोनो भी जायत सव जन्मसे मृत्यु तक हुवैवाला काम क्रियासवके संस्कार आर संस्कृति कहल जाय है। और उ जायतके संस्कृति आर संस्कार संवरक्षण से ही जाइत सवके




उत्थान आर विकास हुवैके वात कहलक है'। वहीना देशमे रहैवाला कोनो भी जायतके संस्कृति आर संस्कार संरक्षण करना राज्यके काम है। कहिल कि संस्कृति आर संस्कार राज्यके गहना है कहलक।

वहे अन्तरक्रियामे साहित्य तथा प्रकाशन समितिके संयोजक जय प्रकाश महतो कुशवाह जायतके परिचय, संस्कार आर संस्कृतिके विषयमे कार्यत्रपत्र प्रस्तुत सेहो करलक। उ कार्यपत्रमे कुशवाह जाइतमे लिखैवाला उपधि, जाईतके जनसंख्या, जाईतके पेशा आर राज्यमे भेल पहुँच, संगठन, जायतमे हुवैवाला पुजा, गोसाई, प्रकृति पुजा, गृह देवता, कुशवाह जायतके लगवेवाला गरगहना, खानपान, रहनसहन, पहिरण, पोशाक, संस्कृति, प्रकृति मैत्री मगही पवनी, भाषा आर लिपी, भूगोल संस्कृति धर्म, बाजा, लोकगीत नृत्य, परम्परागत हथियार/औजार, वंश, मूल, शैक्षक अवस्था, पिय वाला पदार्थ, मध्यपान, तीर्थस्थल, भूत, प्रेत, धामी/ओझा दुःख/सुखके संस्कारके वारेमे वृहत जानकारी करलकै।

वहीना गर्भवती महिला, चमइन, छठिहार, सोइर घर, नाइर/पुरैन, अन्नप्रासन, मण्डल, ब्रतवन्ध, कण्ठी, भाइजन प्रथपा, विहा संस्कारमे, घटकैती, अगुवा, घरदेखिया, देखासुनी, छेक्का/रोक्का, तिलक, मटकोर, घी ढारी, हल्दी रसम, मडुवा, नहछुर, मृत्यु संस्कारमे हुवेवाला श्राद्धके वारेमे विषेश रुपमे कार्यपत्र प्रस्तुत भेल करलक।

अन्तरक्रियाके टिप्पनी कारके रुपमे प्राध्यापक डा. सन्त बराल, प्रध्यापक डा. डिल्ली प्रसाई, प्राध्यपक वासुदेव मेहता लाकसव कार्यपत्रमे टिप्पणी करलक रहल है। सहभागी सवके स्वागत रामभूषण मेहता करलक आर समाजके केन्द्रिय उपाध्यक्ष परमान्द मेहताके अध्यक्षतामा अन्तरक्रिया खतम भेल रहल है।

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं।

कटहरी गाउँ पालिकाको कार्यालय मोरंग

खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं।

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# ६ महिनाको अनुसन्धानपछि ललिता निवास प्रकरणमा १ सय ७५ विरुद्ध भ्रष्टाचार मुद्दा

विराटनगर । ललिता निवासका जग्गा किनवेच प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानवीन गरी पूर्व मन्त्री र पूर्व प्रमुख आयुक्त सहित १ सय ७५ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर भएका छ ।

ललिता निवास जग्गा खरिद प्रकरणमा पूर्वउपप्रधानमन्त्री तथा तत्कालीन भूमिसुधारमन्त्री विजयकुमार गच्छदारसहित १ सय ५० भन्दा बढीमाथि भ्रष्टाचार मुद्दा दर्ता गरेको भएको छ ।

भ्रष्टाचार मुद्दामा अख्तियारले गच्छदारसंग ९ करोड ६५ लाख ७६ हजार रुपैयाँ माग दाबी सहित विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । गच्छदार सुनसरीबाट निवार्चित सांसद पनि भएकाले मुद्दा दर्तासँगै गच्छदारको सांसद पद स्वत : निलम्बनमा परेको छ ।

सोही भ्रष्टाचार मुद्दामा पूर्वमन्त्री चन्द्र देव जोशीसँग ७ करोड ८ लाख ४८ हजार रुपैयाँ बिगो दाबी सहित मुद्दा दर्ता भएको छ । पूर्वमन्त्री डम्बर श्रेष्ठलाई ९ करोड ६५ लाख ७५ हजार रुपैयाँ माग दाबी सहित मुद्दा दर्ता भइसकेको छ ।

त्यस्तै, पूर्व भूमिसुधार सचिव दिनेशहरि अधिकारीसँग ७ करोड ८ लाख, तत्कालीन मन्त्री चन्द्रदेव जोशीमाथि ७ करोड ८ लाख रुपैयाँ बिगो मागदाबी गरिएको छ । तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई तथा तत्कालीन मुख्यसचिव लीलामणि पौडेलमाथि भने मुद्दा दर्ता गरिएको छैन ।

पूर्व सचिव दिनेशहरि अधिारीसंग ७ करो ८ लाख ४८ हजार, छविलाल पन्त ९ करोड ६५ लाख ७६ हजार, दीप बस्न्यातसंग ९ करोड ६५ लाख ७६ हजार, शोभाकान्छ ढकाल संग ३९ करोड २७ लाख ६८ हजार, मीनबहादु गरुङ्गसंग ३९ करोड २७ लाख ६८ हजार माग दावी गरेको छ ।

तत्कालीन भूमिसुधार सचिव छविलाल पन्त, हाल जिल्ला न्यायाधीश रहेका तत्कालीन कानुन उपसचिव विनोदकुमार गौतममाथि ९ करोड ६५ लाख बिगो मागदाबी गरिएको छ । अख्तियारले मुद्दा दायर गरेका १ सय ७५ जनामध्ये ६५ जनालाई जग्गा जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाएको हो । ५० जना कुनै न कुनै समयका जग्गाधनी हुन् । ३२ जना मोही तथा हकदार हुन् भने ६० जना सार्वजनिक पदमा भएका व्यक्ति हुन् ।

भ्रष्टाचार आरोपको सूचीमा २२ रोपनी जग्गा 'घुस' लिएका पूर्वनिर्वाचन आयुक्त सुधीर शाह र उनकी पत्नी उर्मिला, गृह मन्त्रालयका पूर्वसहसचिव गेहनाथ भण्डारी र उनकी पत्नी भुवनकुमारी चापागाई, सासू सोदाकुमारी चापागाई समेत रहेका छन् ।

ललिता निवास जग्गा प्रकरणमा भूमाफिया किटान गरिएको रामकुमार सुवेदीलाई अख्तियारले सबैभन्दा बढी बिगा ५२ करोड ५१ लाख ४० हजार रुपैयाँ बिगो माग दाबी सहित मुद्दा दायर गरेको छ ।

त्यसपछि भूमाफिया शोभाकान्त ढकाल र भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङबाट गरिएको छ । दुवैबाट ३९ करोड २७ लाख ६८ हजार रुपैयाँ बिगो मागदाबी गरिएको छ । उनीहरूलाई राष्ट्रसेवक कर्मचारीलाई समेत अनुचित प्रभावमा पारेर ललिता निवासभित्रको सरकारी सार्वजनिक जग्गा गैरकानुनी रूपमा दिने र दिलाउने, सरकारी जग्गा व्यक्ति विशेषका नाममा हालसाविक गर्ने र गराउने, सार्वजनिक जग्गामा कृत्रिम रूपमा अनधिकृत व्यक्तिलाई मोही खडा गर्ने गराउने, बालुवाटारभित्रको विशिष्ट व्यक्ति निवासभित्रको जग्गा व्यक्तिका नाममा गर्ने गराउने लगायतका आरोप लगाइएको छ ।

६ महिनाको अवधिमा अख्तियारले पत्रपत्रिकामा सूचना निकालेर सरकारी जग्गा किनबेच गर्नेको नाम सार्वजनिक गर्दै अनुसन्धानका लागि प्रक्रिया अगाडि बढाएको थियो । पूर्वसचिव शारदाप्रसाद त्रितालको नेतृत्वमा गठित छानबिन समितिले बुझाएको प्रतिवेदनलाई आधार मानेर अख्तियार र सीआईबीले एकसाथ छानबिन थालेको थियो ।

समरजंग कम्पनीको स्वामित्वमा रहेको जग्गासमेत सरकारका नाममा कायम गराउने भन्दै बीचमा मोहीलाई घुसाइएको निष्कर्ष समितिको छ । मोहीका नाममा मालपोत र भूमिसुधारबाट नक्कली कागजात तयार गरिएको पाइएको थियो ।

दुई वटा सरकारले नीतिगत रूपमा सरकारीको विषयमा निर्णय गरेकाले मुद्दा दर्ता प्रक्रिया कसरी अगाडि बढाउने भन्ने विषयमा अख्तियार सकसमा छ । जग्गा हडप्न मुख्यत: दुई जना व्यक्तिले भूमिका खेलेको पूर्वसचिव त्रिताल नेतृत्वमा गठित छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ ।

'भूमाफिया' भनेर समितिले किटानीसाथ नाम उल्लेख गरेका व्यक्ति अधिवक्ता रामकुमार सुवेदी र डा. शोभाकान्त ढकाल हुन् । सोही प्रतिवेदनको आधारमा मुद्दा दर्ता गरेको हो । त्रिताल समितिले मन्त्रिपरिषद्को सो निर्णय कानुनविपरीत भएकाले खारेज गर्नुपर्ने बताएको थियो । भ्रष्टाचार निवारण ऐनको दफा १७ बमोजिम कसुरदारमाथि मुद्दा चलाएको हो । सो दफाअनुसार सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गर्नेलाई सजाय किटान छ ।

नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि-नोक्सानी वा दुरुपयोग गरे-गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार न्यूनतम तीन महिनादेखि १० वर्षसम्म कैदको व्यवस्था छ ।

यस्तै हिनामिना, हानि-नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्तिसमेत निजबाट असुलउपर गरिने भनिएको छ । निर्णयमा संलग्न सार्वजनिक पदाधिकारीलाई दफा २४ अनुरूप थप तीन वर्ष कैद हुने भनिएको छ । मतियारको भूमिका खेल्नेलाई पनि सजायको व्यवस्था छ ।

ललिता निवासको जग्गा हिनामिनामा निधन भइसकेका दुई पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालासहित माधवकुमार नेपाल र बाबुराम भट्टराई नेतृत्वका मन्त्रिपरिषद् निर्णय प्रमुख कारण रहेको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । तत्कालीन मन्त्रिपरिषद्का विवादास्पद सबै निर्णय खारेज गरेर ललिता निवास सरकारकै नाममा फिर्ता ल्याउन पनि समितिले सिफारिस गरिसकेको छ । त्रिताल आयोगले डिल्लीबजार मालपोतका तत्कालीन मालपोत अधिकृत कलाधर देउवालगायत फाइल पेस गर्ने, राय लेख्ने तथा पछि फाइल गायब पार्ने २२ जना कर्मचारीमाथि कारबाहीका लागि सिफारिस गरेको थियो ।

११ असारमा ८६ जनालाई बयानका लागि बोलाएको थियो भने १२ गते मालपोत कार्यालय डिल्लीबजारका मालपोत अधिकृत हुपेन्द्रमणि केसी, भूमाफिया रामकुमार सुवेदी र शोभाकान्त ढकाललाई बोलाइएको थियो ।

२०४७ सालमा मुलुकमा बहुदलीय व्यवस्था पुन : स्थापना भयो । आफ्नो जग्गा पञ्चायतले अन्यायपूर्वक हडपेको भन्दै सुवर्णशमशेरका परिवारलगायतले सरकारसँग जग्गा फिर्ता मागेका थिए । पञ्चायतले अन्यायपूर्ण जग्गा जफत गरेका कांग्रेसका नेता, कार्यकर्ता देशैभरि थिए ।

कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले अन्याय परेकालाई जग्गा फिर्ता दिने वा मुआब्जा दिने नीतिगत निर्णय गरेको थियो । अन्तिमपटक ५ भदौ २०४७ को मन्त्रिपरिषद् बैठकले भूमिसुधार हदबन्दी लाग्ने भए त्यसबाहिरको जग्गाको हकमा कानुनबमोजिम क्षतिपूर्ति दिने वा जग्गा फिर्ता गर्ने निर्णय गर्‍यो ।

सरकारको नीतिगत निर्णयपछि भूमाफियाहरू सो जग्गा कसरी हडप्ने भनेर सक्रिय भए । जग्गा हडप्न मुख्यतः दुई जना व्यक्तिले भूमिका खेलेको पूर्वसचिव त्रिताल नेतृत्वमा गठित छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । त्रिताल समितिले मन्त्रिपरिषद्को सो निर्णय कानुनविपरीत भएकाले खारेज गर्नुपर्ने बताएको छ । मन्त्रिपरिषद्को सो राजनीतिक निर्णयका आधारमा मात्र सुवर्णशमशेर राणाका परिवारले जग्गा फिर्ता लिन सक्दैनथे । राणा परिवारको जग्गा सरकारले जफत गरेको थिएन । २०१८ सालको जग्गा प्राप्ति ऐनअनुसार क्षतिपूर्ति दिएर अधिग्रहण गरेको थियो ।

समितिले प्रतिवेदनमा लेखेको छ, 'तत्काल नेपाल सरकार, मन्त्रिपरिषद्को २०६७ वैशाख ३१ को निर्णयसाग सम्बन्धित प्रस्ताव तथ्यपूर्ण र कानुनी प्रावधानको अभावमा गलत मनसायले पेस भएको र सो निर्णयको आधारमा सार्वजनिक, सरकारी र गुठी जग्गा व्यक्ति विशेषका नाममा दर्ता हुन गई सार्वजनिक, सरकारी र गुठी जग्गासमेतको सम्पत्ति हानि-नोक्सानी भएको देखिादा नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको सो निर्णय मन्त्रिपरिषद्बाटै खारेज गर्न भनेको थियो ।'

त्रिताल समितिले प्रधानमन्त्री केपी शर्मा ओलीलाई २६ मंसिरमा बुझाएको प्रतिवेदनमा डिल्लीबजार मालपोतका २२ जना कर्मचारीमाथि अख्तियारले छानबिन गर्नुपर्ने उल्लेख छ । त्यस्तै, सरकारी जग्गा क-कसले आफ्नो नाममा पारे भन्ने छानबिन गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई दिनुपर्ने राय सुझाव पनि दिएको छ । देशभरि नै यसरी सरकारी जग्गा अपचलन गर्ने भूमाफियाहरू सक्रिय हुन सक्ने भन्दै समितिले सरकारले छानबिन गर्नुपर्ने पनि जनाएको छ ।

प्रधानमन्त्री ओली नेतृत्वको सरकारले गत २८ फागुनमा व्यक्तिका नाममा गएका जग्गा सरकारको नाममा फिर्ता गर्ने निर्णय गर्दै सम्बन्धित निकायलाई छानबिन र प्रतिवेदन कार्यान्वयन गर्न लेखी पठाएको छ । तर, सो विषयमा ठोस काम हुन सकेको छैन ।

कसले कति भ्रष्टाचार गरे ?

कलाधर देउजा : प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, डिल्लीबजारविरुद्ध २ करोड २६ लाख ८५ हजार ५ सय रुपैयाँ बिगो दाबी ।

मुकुन्दप्रसाद आचार्य : तत्कालीन भूमिसुधार तथा व्यवस्थापन विभाग महानिर्देशकविरुद्ध ७५ लाख १० हजार रुपैया मागदाबीसहित मुद्दा दर्ता ।

सुरेन्द्रमान कपाली : मालपोत अधिकृत मालपोत कार्यालय, डिल्लीबजारविरुद्ध २ करोड २६ लाख ८५ हजार बिगो दाबी ।

धर्मप्रसाद गौतम : शाखा अधिकृत भूमिसुधार तथा व्यवस्थापन विभागविरुद्ध ७८ लाख २४ हजार २ सय मागदाबीसहित मुद्दा दर्ता ।

जगतप्रसाद पुडासैनी : नायब सुब्बा मालपोत कार्यालय, डिल्लीबजारविरुद्ध २ करोड २६ लाख ८५ हजार ५ सय रुपैया विगो दावी सहित भ्रष्टाचार मुद्दा दर्ता ।

युक्तप्रसाद श्रेष्ठ : खरिदार मालपोत कार्यालय, डिल्लीबजारविरुद्ध २ करोड २९ लाख ५७ हजार ४ सय रुपैया बिगो दाबीसहित मुद्दा दर्ता ।

रु्कुमार श्रेष्ठ : महानिर्देशक भूमिसुधार तथा व्यवस्था विभागविरुद्ध १३ करोड २३ लाख ७२ हजार रुपैया बिगो दाबीसहित मुद्दा दर्ता ।

तत्कालीन भूमिसुधार तथा व्यवस्था विभागका निर्देशक पुष्पराज उपाध्याय, शाखा अधिकृत इन्प्रसाद ढुंगानाविरुद्ध १३ करोड २३ लाख ७२ हजार मागदाबी गरिएको छ ।

त्यस्तै, तत्कालीन मालपोत प्रमुख टीकाराम घिमिरेविरुद्ध १३ करोड ६५ लाख ७२ हजार रुपैया बिगो दाबीसहित मुद्दा दर्ता भएको छ ।

मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन नायव सुब्बा टीकाबहादुर बीसी, खरिदार जीवनाथ पोखरेल र नायब सुब्बा अर्जुन भण्डारीविरुद्ध जनही १३ करोड २३ लाख ७२ हजार मागदाबी गरिएको छ ।

तत्कालीन नापी अधिकृत मोहम्मद साबिर हुसैन, नासु श्रीहरी पुडासैनी, खरिदार श्यामकुमार क्षेत्रीविरुद्ध जनही ४२ लाख रुपैयाँ मागदाबीसहित मुद्दा दर्ता भएको छ ।

हरिकृष्ण तिमल्सिना मालपोत अधिकृतविरुद्ध ३२ करोड १९ लाख

वांकी ५पेजमा...

# दुर्घटनामा परी दुईको मृत्यु

विराटनर । मोरङ उर्लाबारी नगर पालिका वडा नं. १ कान्छी चौक स्थित भित्री सडक-खण्डमा उत्तरबाट दक्षिणतर्फ आउदै गरेको को १७प ७९४ न.को मो.सा.लाई दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको को १ ख ७५५६ ( मधुमल्ला चिल्ड्रेन एकेडेमी बोर्डिङ स्कुल) को बसले ठक्कर दिदा मोटर साइकल चालक जिल्ला मोरङ मिक्लाजुङ गाउं पालिका वडा नं. ६ को डेकेस बिकको हात भाचिएको र हात र खुट्टामा चोट अवस्था मध्यम र सोहि मोटर साईकलको पछाडी सवार निजको श्रीमती सिर्जना बिकको मुख र हातमा चोट लागुनुका साथै निजको छोरी प्रतिक बिकको हात र खुट्टामा चोट लागेको र सोही मोटर साइकल पछाडी सवार सासु आमा कल्पना ठंटाल ( बि.क) को हात र खुट्टामा चोट लागेकोमा चारै जनाको उपचारको लागी बिराटनगर नर्सिङ होम लगिएकोमा प्रतिक बिकको उपचारको क्रममा मृत्यू भएको थियो । बस चालक जिल्ला झापा झापा गाउं पालिका वडा नं. ६ घर भई हाल मोरङ उर्लाबारी नगर पालिका वडा नं. १ को गंगाराम पौडेल र दुवै सवारी साधन ईलाका प्रहरी कार्यालय उर्लाबारी मोरङको नियन्त्रणमा लिई थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी मोरङ सुन्दर हरैचा नगर पालिका वडा नं. १० जरुवा स्थित खोर्साने केराबारी सडक खण्डमा खोर्सानेबाट केराबारीतर्फ जाँदै गरेको प्रदेश नं. १-०२-००१ ख ८१०९ नं.को ट्रिपरले सोहि दिशा तर्फ जादै गरेको साईकल यात्री जिल्ला मोरङ सुन्दर हरैचा नगर पालिका वडा नं.१० को बाबुराम कार्की लाई ठक्कर दिएकोमा घाईते कोशी अस्पताल बिराटनगर उपचारार्थको क्रममा मृत्यू भएको थियो । ट्रिपर र ट्रिपर चालक जिल्ला मोरङ बुढीगंगा गापा १ छत्र ब. झागर ईप्रका केराबारीको नियन्त्रणमा लिई थप अनुसन्धान भई रहेको छ ।

त्यसैगरीअटो अनियन्त्र भई सडक पेटीको नालीमा खस्दा अटो चालक मोरङ बिराटनगर महानगर पालिका वडा नं. १७ को सलिम मियांको मृत्यु भएको छ ।

महानगरपालिका वडा नं. १० अरनिको कलेज नजिक भित्री सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ जादै गरेको को २ ह २११३ नं. को अटो टेम्पो आफै अनियन्त्रीत भई दुर्घटनामा परेको थियो ।

अटोमा सवार विराटनगर महानगरपालिका वडा नं. १० कि मधुश्री मिश्र, अरुणा नन्द मिश्र र शिवम सरब घाईते भएको थियो ।

मियांलाई उपचारको लागी न्युरो अस्पताल बिराटगर पठाईएकोमो उपचारको क्रममा अस्पतालमै मृत्यू भएको थियो ।

त्यसै जिल्ला मोरङ बुढिगंगा गाउं पालिका वडा नं. ६ तिलाठि स्थित सोही ठाउँ की चन्द्र कुमारी कठेत घर छेउको खोलामा माटो खन्ने क्रममा माटोको ढिस्कोले निजलाई पुरी घाईते भई बिराट नर्सिङ होम बिराटनगर उपचारार्थ रहेकोमा माघ २० गते भएको छ ।


## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ

सुनवर्सी नगर पालिकाको कार्यालय मोरंग




Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# दुई अर्बको लागतमा सुविधा सम्पन्न कलेज भवन

बिराटनगर । नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलले ठुलो रकम खर्चेर सुविधा सम्पन्न कलेज भवन निर्माण गर्ने भएको छ । विद्यार्थीहरुको अध्ययन/अध्यापनलाई थप सहज बनाउँने उद्धेश्यले २ अर्बको लागतमा नयाँ स्तरीय कलेज भवन निर्माण गर्न लागिएको नोबेलले जनाएको छ ।

कञ्चनवारी स्थित कलेज परिषर भित्र निर्माण हुँने भवनमा सुविधासम्पन्न कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, चमेनागृह लगायत रहनेछन् । त्यस्तै १ हजार जना अट्ने क्षमताको अडियोटोरियम हलसमेत रहनेछ । आगामी दुई बर्ष भित्र भवन निर्माण सम्पन्न हुँने नोबेल मेडिकल कलेजका सञ्चालक डा.सुनिल शर्माले जानकारी दिए ।



नौ तला बन्ने उक्त भवन २ लाख २४ हजार स्क्वायरफिटको हुँनेछ । नयाँ स्तरीय भवन निर्माण हुँने भएपछि विद्यार्थीहरुलाई अध्ययनका लागि थप सहजता मिल्ने भएको छ । नोबेलमा एम्डी, एमएस, एमवीवीएस, वीडीएस, वीएस्सी नर्सिङ, स्टाफ नर्स, ल्याव टेक्निसियन, रेडियोग्राफी, डेन्टल हाईजिन र डिफार्म संकायमा करिव २ हजार विद्यार्थी अध्ययनरत छन् ।

नोबेलमा ३२ करोडको लागतमा अन्तर्राष्ट्रिय स्तरको बगैंचा र पार्किङ पनि निर्माण भइरहेको छ । स्तरीय स्वास्थ्य सेवा र गुणस्तरीय शैक्षिक वातावरणका हिसावले प्रतिष्ठित बन्दै गएको नोबेलले अरबौंको लगानी थपेर स्तरीयता बढाउँदै लगेको छ ।

त्यसैगरी नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलमा भर्ना भएका एमबीबीएस र बीडीएसका नयाँ बिद्यार्थीलाई सोमबार स्वागतसहित अभिमुखीकरण कार्यक्रम गरिएको छ । नयाँ बिद्यार्थीहरुलाई कलेजको बारेमा जानकारी गराउँने उद्धेश्यले कार्यक्रम गरिएको छ ।

कार्यक्रममा कलेजका प्राचार्य डा.रामहरी घिमिरे, नायव प्रमुख कार्यकारी अधिकृत डा.विश्वनाथ अधिकारी, प्रा.डा.कृष्णकुमार मल्लिक, कलेजका अर्न्तराष्ट्रिय निर्देशक डा.निरञ्जन कुमार, शैक्षिक निर्देशक प्रा.डा.एजी सिंह लगायतले बिद्यार्थीहरुलाई अनुसाशित भई कडा मेहनत गरेर अध्ययन गर्न सुझाव दिए । उनीहरुले गुणस्तरीय शिक्षामा अन्य कलेज भन्दा नोबेल अब्बल रहेको दावीसमेत गरेका छन् ।

एमवीवीएस र वीडीएस अध्ययनका लागि नेपालका बिभिन्न जिल्लासहित भारतका बिद्यार्थीहरु पनि नोबेलमा भर्ना भएका छन् । नोबेलमा एम्डी, एमएस, एमवीवीएस, वीडीएस, वीएस्सी नर्सिङ, स्टाफ नर्स, ल्याव टेक्निसियन, रेडियोग्राफी, डेन्टल हाईजिन, डिफार्म लगायत संकायमा करिव २ हजार बिद्यार्थी अध्ययनरत छन् । गुणस्तरीय शिक्षा र उपयुक्त शैक्षिक वातावरणका कारण नेपालका बिभिन्न जिल्लासँगै भारत, माल्दिभ्स लगायत देशबाट पनि बिद्यार्थीहरु अध्ययनका लागि आउँने गरेको नोबेल मेडिकल कलेजले जनाएको छ ।

## ६ महिनाको...

२० हजार बिगो दाबीसहित मुद्दा दर्ता भएको छ । त्यस्तै, मालपोत अधिकृत परशुराम पोखरेल, मालपोत शाखा अधिकृत कृष्णप्रसाद पौडेल, नासुहरू प्रकाशनारायण भट्ट र टंकनाथ पौडेलविरुद्ध ३२ करोड १९ लाख २० हजार रुपैयाँ बिगोसहित मुद्दा दर्ता भएको छ । त्यस्तै, डिल्लीबजार मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृत प्रेमबहादुर खापुङ, नासु अर्जुन खतिवडा, भूमिसुधार कार्यालयका अधिकारी शंकरप्रसाद सुवेदी, भूमिसुधार कार्यालयका अंगुर सिग्देल, भूमिसुधार कार्यालयका नासु केदारप्रसाद श्रेष्ठविरुद्ध जनही ९ करोड ६५ लाख ७६ हजार बिगो दाबीसहित मुद्दा दर्ता भएको छ ।

नापी कार्यालय डिल्लीबजारका नापी अधिकृत कमल घिमिरे, सर्वेक्षक देवबहादुर लामिछाने, भरतचन्द्र अर्याल नापी कार्यालय, डिल्लीबजारका अमिनविरुद्ध ३२ करोड १९ लाख २० हजार बिगो दाबीसहित मुद्दा दर्ता भएको छ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव जितबहादुर थापा, सचिव छविराज पन्त, मन्त्री डम्बर श्रेष्ठ, भौतिक योजना तथा निर्माण मन्त्रालयका इन्जिनियर राजेन्द्रमान श्रेष्ठ, सिनियर डिभिजन इन्जिनियर बालकृष्ण श्रेष्ठ, सुपरिटेन्डेन्ट इन्जिनियर सुरोजराज राजकर्णिकार, सहरी निर्माण तथा भवन निर्माण विभागका महानिर्देशक अशोकनाथ उप्रेती, सचिव दीप बस्न्यात, कानुन मन्त्रालयका उपसचिव विनोदकुमार गौतमविरुद्ध जनही ९ करोड ६५ लाख ७६ हजार रुपैयाा बिगो दाबीसहित मुद्दा दर्ता भएको छ ।

गुठी संस्थानका कार्यालय त्रिपुरेश्वरका मुख्य अधिकृत हरिबोल आचार्य, गुठी संस्थान तहसिल शाखाका रामेश्वर बिडारी, गुठी संस्थानका गुठी प्रशासक सेमन्तराज चापागाई, सहप्रशासक हेमराज सुवेदी, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव तेजराज पाण्डे, सचिव दिनेशहरि अधिकारी, मन्त्री चन्द्रदेव जोशी, गुठी संस्थानका सहायक प्रशासक तुलसी पोखरेल, उपप्रशासक हरिर्प्रसाद जोशी, गुठी प्रशासक बलिरामप्रसाद तेली, कायम मुकायम गुठी प्रशासक दिलिपकुमार भट्ट, गुठी संस्थानका सहायक नवराज पौडेल, सहायक प्रशासक शैलेन्र पौडेल, उपप्रशासक जयप्रसाद रेग्मी, मालपोत कार्यालय डिल्ली बजारका नासु फणीन्द्रप्रसाद दाहाल, नासु मणिकुरमा राना, मालपोतका शाखा अधिकृत बद्रीबहादुर कार्की, उपसचिव लक्ष्मीनारायण उप्रेती, मालपोत अधिकृत दिनेशप्रसाद शर्माविरुद्ध जनही ७ करोड ८ लाख ४८ हजार बिगो दाबीसहित मुद्दा दर्ता भएको छ ।

जग्गाधीन तथा मोही भनिएका व्यक्तिहरूविरुद्ध पनि मुद्दा दर्ता

अख्तियारले जग्गाधनी तथा मोही भनिएका व्यक्तिहरूविरुद्ध पनि मुद्दा दर्ता गरेको छ । त्यसरी अदालतमा मुद्दा दर्ता हुनेहरूमा रुक्मशमशेर जबरा, हाटक शमशेर जबरा, हेमन शमशेर जबरा, सुनिती राणा, शैलजा राणा, हेमाद्री शमशेर जबरा, बिलबहादुर महर्जन, हर्ष महर्जन, डिएल डेभलपर्स प्रालिका सञ्चालक कैलाशचन्द्र गोयल, माधवी सुवेदी, उमाकुमारी ढकाल्नी, श्रीकृष्ण महर्जन, चमेली श्रेष्ठ, कान्छा महर्जन, देवनारायण महर्जन, तीर्थमाया महर्जन, रेना गुरुङ, बाबुराजा महर्जन, मचानानी महर्जन, ग्वाराभाइ महर्जन, द्वारिकामान महर्जन, रजनी पनेरु, बाबा कार्की, अगम ढुंगाना, खेमलाल खरेल, भाटभटेनी डेभलपमेन्ट कम्पनी प्रालिका तर्फबाट सञ्चालक मीनबहादुर गुरुङ, लक्ष्मी ढकाल, तीर्थमाया महर्जन, देवनारायण महर्जन, मोहन महर्जन, सञ्जय कुमार महर्जन र सकुलानन्द महर्जनविरुद्ध मुद्दा दर्ता गरिएको छ ।

सरकारी जग्गा कमिसनका रुपमा बकसपत्र गरि दिने विरुद्ध मुद्दा दर्ता

इन्द्रबहादुर थापा क्षेत्री, शान्ति मल्ल प्रधानाङ्ग, मिठूदेवी चापागाई, सरस्वतीकुमारी श्रेष्ठ, निर्मलादेवी श्रेष्ठ, मोहनप्रसाद भट्टराई, बैकुण्ठ शर्मा रेग्मी, खिमादेवी आङवुहाङ, शशिकला सुब्बा, विद्या पौडेल गौतम, सोदाकुमारी चापागाईं, भुवनकुमारी चापागाईं, उर्मिला शाह, रामनाथ घिमिरे, रामकल्याण अधिकारी, शोभाकान्त ढकाल, रामकुमार सुवेदी, मीनबहादुर गुरुङविरुद्ध मुद्दा दर्ता भएको छ ।

नाम एउटा, मोही अर्कै

प्रधानमन्त्री निवास बालुवा टारको क्षेत्र विस्तारका क्रममा भौतिक योजना तथा निर्माण मन्त्रालयले मालपोत कार्यालयमा पत्राचार गरेर मोहीको विवरण मागिएको थियो । त्यतिबेला मोहीले जग्गाको दाबी गर्न आएको देखिदैन ।

तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयको पत्रको जवाफमा मालपोत कार्यालयले १० माघ २०६६ मा चलानी नं. ९००९ को पत्रमा मोही भनेर दाबी गरिएका केही व्यक्तिको विवरण पठायो । पत्र पुगेपछि टिप्पणी तयार गर्ने क्रममा थप नक्कली मोही खडा गरिए । जस्तै, नगरतर्फ २३ 'क्ष' को ७६ नम्बर कित्तामा पर्ती जग्गा रहेकामा त्यसमा २ रोपनी १२ आना जग्गामा ड्राइभर भाइचा भनी नक्कली मोही खडा गरिएको थियो ।

मालपोत कार्यालयको अभिलेख अनुसार साविकको नगर २३ ह कित्ता नम्बर ४० को १३ आना २ पैसाको जग्गामा हर्षनारायण डंगोल मोही कायम भएको देखिन्छ । त्यसलाई हाल साविक गर्ने काममा २५३ र २४७ नम्बरको कित्ता बनाइयो । पछि सर्जिमनको क्रममा रामकृष्ण महर्जनका नाममा नक्कली मोही देखाई जग्गा दिलाइयो । सुवेदार रामबहादुर नाम गरेका मोहीको ठाउँमा कान्छा महर्जन नामको मोही सर्जिमनबाट खडा गरियो ।

त्यस्तै, १०४ नम्बरको कित्तामा बलभद्र जैसीका ठाउँमा रेना गुरुङलाई मोही बनायो । भौतिक मन्त्रालयमा दीप बस्नेत भएको समयमा मालपोत कार्यालयले डाइभर भाइचाबाहेकको हकमा परिवर्तन नगरेकामा पछि भौतिक मन्त्रालयमा फाइल पुगेपछि भने धमाधम परिवर्तन गरिएको थियो ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

## स्वास्थ्य

# नोभल कोरोना भाईरस भन्को के हो ?

- यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन । यस भाइरसले मानिस र पशुहरुमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास क्भखभचभ ब्अगतभ च्भकउष्चबतयचथ क्थलमचयक्भ (क्च्क्) सम्म गराउन सक्दछ ।

के मानिसमा जनावरहरुवाट नोभल कोरोना भाइरस संक्रमित हुन सक्दछ ?

- नोभल कोरोना भाइरस जनावरवाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन ।

के नोभल कोरोना भायरस र क्च्क् एउटै हुन् ?

- सन् २०२० मा देखिएको क्च्क् र नोभल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन् । दुवै भाइरसले विरामीलाई गम्भीर बनाउन सक्दछन् । महत्वपूर्ण कुरा, नोभल कोरोना भाईरस मानिसहरु बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन् ।

मानिस कसरी यो भाइरसबाट सक्रमित हुन सक्छ ?

- मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन । हाल यस विषयमा अनुसन्धान भइरहेको छ ।

के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?

- अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन । एउटै परिवारका सदस्यहरु विरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमिति तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ । साथै, परिवारका सदस्यहरु एकै स्रोतवाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ ।

यस भाईरसको संक्रमणवाट कसरी बच्न सकिन्छ ?

- सामान्यत : यस भाइरसको संक्रमण कासरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन । तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका विरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ ।

के कोरोना भाईरसको लागि उपचार छ ?

- नोभल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन । यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरुको उपचार गर्न सकिन्छ, त्यसैले विरामीको उपचार लक्षणको आधारमा गरिन्छ । साथै यस भाईरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन ।

सर्वसाधारणका लाग जनचेतनामुलक संदेश

नोभल कोरोना भाइरसका मुख्य लक्षणहरु

१. ज्वरो आउनु (१००.४ फरनहाईट भन्दा माथि) २. स्वास प्रश्वासमा अत्याधिक समस्या ३ रुघा र खेकी

"नोभल कोराना भाइरस प्रभावित देशहरुवाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वास प्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पक गर्ने ।"

नोभल कोराना भाईरबाट कसरी आफू र अरुलाई बचाउने ?

-नियमिति रुपमा साबुन पानीले हात धुने ।
-खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
-फ्लु जस्ता लक्षण देऐमा चिकित्सकसँग परामर्श लिने ।
-फ्लु जस्ता लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
-जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कवाट टाढा रहेन ।
-पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्राल
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

**वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।**

**सम्पर्क:**
**Websoft IT Nepal Pvt. Ltd.**
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940